UMH
UNITED MODI HYDROPOWER

# युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड

पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा. - २८, काठमाडौं
फोनः ०१-४१६९११४, फ्याक्सः ०१-४१६९११३
इमेलः unitedmodi@ntc.net.np, वेबसाइट : www.umh.com.np

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/०८/१६ गते)**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०७५/०८/०९ गते बसेको सञ्चालक सकितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०७४/७५ को वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरू उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा साधारण सभामा उपस्थितिको लागि सम्पूर्ण शेयरधनि महानुभावहरूमा यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७५/०९/१२ गते बिहिबार (तद्अनुसार २७ डिसेम्बर, २०१८)
समय : विहान ११:०० बजे।
स्थान : UWTC Hall, त्रिपुरेश्वर, काठमाडौं ।

**छलफल गरिने प्रस्ताव (एजेण्डा)हरू :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०७४/०७५ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको बिवरण लगायत वित्तिय बिवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७५/०७६ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजीको ५% (पाँच प्रतिशत) ले हुन आउने रु. ५,७५,००,०००।- (अक्षरुपी पाचँ करोड पचहत्तर लाख) मात्र नगद लाभांश (कर सहित) स्वीकृत गर्ने ।
५. विविध

***सञ्चालक समितिको आज्ञाले***
***कम्पनी सचिव***

## वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी

१. साधारण सभा प्रयोजनको लागि मिति २०७५/०८/२५ गते देखि २०७५/०९/१२ गते सम्म यस कम्पनीको शेयरधनी दर्ता किताब बन्द हुनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७५/०८/२४ गते सम्म कारोबार भई सो मितिबाट ५ (पाँच) दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार सिबिआईएल क्यापिटल मार्केट्स लि., डिल्लिबजार, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखितको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र सो सभामा भाग लिन तथा लाभांश पाउन योग्य हुनुहुनेछ ।
२. शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १०:३० बजेदेखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ ।
३. सभामा भाग लिन आउने हुने शेयरधनी महानुभावहरूले हितग्राहि खाता (डिम्याट) खोलिएको पत्र, शेयर प्रमाणपत्र वा सो को प्रतिलिपि र आफ्नो परिचय स्पष्ट खुल्ने फोटो सहितको कुनै प्रमाण पत्र साथमा लिई आउनुहुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाइनेछैन ।
४. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रिय कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाण्डौंमा प्रोक्सि फारम दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ । प्रोक्सि फारमको ढाँचा कम्पनीको वेबसाइट www.umh.com.np बाट डाउनलोड गर्न सकिनेछ ।
५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरूका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।
६. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् ।
७. शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरूलाई यथाशक्य झोला, व्याग आदि नल्याउनुहुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरूले शेयरधनी महानुभावहरू लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन् सुरक्षाको कारण यस्ता सामान सभाहलमा लानबाट रोक लगाउन सकिनेछ ।
८. अन्य कुनै जानकारीका लागि कम्पनीको केन्द्रिय कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाण्डौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**पुनश्च : नगद लाभांश शेयरधनीहरूको बैंक खातामा पठाइने हुनाले सो प्रयोजनका लागि शेयरधनीहरूले खोलेको डिम्याट खाता खोल्दा उपलब्ध गराएको खाता संचालनमा रहेको नरहेको यकिन गर्न र डिम्याट खाता खोल्दा खाता उपलब्ध नगराएको भए आफ्नो बैंक खाता अनिवार्य रुपमा उपलब्ध गराइदिन हुन अनुरोध छ । साथै यस अघि साधारण सभाबाट पारित लाभाशं यदि कुनै शेयरधनीमहानुभावले नलिनुभएको भए शेयर रजिष्ट्रार सिबिआइएल क्यापिटल मार्केट्स लि. मा यथाशिघ्र सर्म्पक गर्नेहोला । शेयर डिम्याट नगराएका स्थानीय शेयरधनीहरू र संस्थापक शेयरधनीहरूले कम्पनीको केन्द्रिय कार्यालय वा कुश्मा शाखा कार्यालय वा शेयर रजिष्ट्रार सिबिआइएल क्यापिटल मार्केट्स लि. वा कम्पनीको वेबसाइट www.umh.com.np मा उपलब्ध फारम भरी आफ्नो बैंक खाताको बिवरण सम्बन्धित कार्यालयहरूमा वा ईमेल मार्फत unitedmodi@ntc.net.np मा यथाशीघ्र बुझाउनुहुन अनुरोध छ ।**

**हालसम्म शेयर डिम्याट नगराएका स्थानीय शेयरधनीहरूले यथाशीघ्र आफ्नो शेयर डिम्याट गर्नुहुन पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ ।**